# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ३२५/२०८१-०८२** **प्रकाशन मितिः-२०८१।१०।०९**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेश, पोखराका देहायका पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको योग्यताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. ..../२०८१-८२ | पद, सेवा | तह | किसिम/ समूह | पद संख्या | परीक्षा मिति, समय | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ९३०१ | निर्देशक, प्रशासनिक तथा प्राविधिक | नवौं | खुला | १ | २०८१।१२।१३ दिनको २.३० बजे | २०८१।१२।१४ दिनको २.३० बजे |
| २. | ९३०२ | निर्देशक, प्राध्यापन तथा अनुसन्धान | नवौं | खुला | १ | २०८१।१२।१५ दिनको २.३० बजे | २०८१।१२।१६ दिनको २.३० बजे |
| | ९३०३ | निर्देशक, प्राध्यापन तथा अनुसन्धान | | महिला | १ | | |
| ३. | ७३०१ | शाखा अधिकृत, प्रशासनिक तथा प्राविधिक | सातौं | खुला | १ | २०८१।१२।१७ दिनको २.३० बजे | २०८१।१२।१८ दिनको २.३० बजे |
| | | लेखा अधिकृत, प्रशासनिक तथा प्राविधिक | | | १ | | |
| ४. | ७३०२ | प्रशिक्षण तथा अनुसन्धान अधिकृत, प्राध्यापन तथा अनुसन्धान | सातौं | खुला | १ | २०८१।१२।१९ दिनको २.३० बजे | २०८१।१२।२० दिनको २.३० बजे |
| | | बजारीकरण तथा साझेदारी प्रवर्धन अधिकृत, प्राध्यापन तथा अनुसन्धान | | | १ | | २०८१।१२।२१ दिनको २.३० बजे |
| | | ज्ञान व्यवस्थापन अधिकृत, प्राध्यापन तथा अनुसन्धान | | | १ | | २०८१।१२।२२ दिनको २.३० बजे |
| ५. | ७३०३ | प्रशिक्षण तथा अनुसन्धान अधिकृत, प्राध्यापन तथा अनुसन्धान | सातौं | महिला | १ | | २०८१।१२।२० दिनको २.३० बजे |
| ६. | ५३०१ | सूचना प्रविधि सहायक, प्राध्यापन तथा अनुसन्धान | पाँचौं | खुला | १ | २०८१।१२।२३ दिनको २.३० बजे | २०८१।१२।२४ दिनको २.३० बजे |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)।

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/१०/२९ सम्म र दोब्बर दस्तुर तिरी २०८१/११/०६ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१/१०/२९ सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

**दरखास्त दस्तुरः-** क. नवौं तहः दरखास्त दस्तुर रु. २०००/- र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको रू. ५००/- बुझाउनुपर्नेछ।

ख. सातौं तहः दरखास्त दस्तुर रु. १२००/- र समावेशी समूह तर्फका थप विज्ञापन तथा पद/पत्रमा आवेदन दिने उम्मेदवारले थप समूह/पद/पत्र प्रतिको रू. ४००/- बुझाउनुपर्नेछ।

ग. पाँचौं तहः दरखास्त दस्तुर रु. ७००/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८१।११।०७ गते सम्म (सार्वजनिक विदा परेमा सार्वजनिक विदा पछि कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (कर्मचारी सेवा सर्त सम्बन्धी) विनियमावली, २०८० बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रतिष्ठानको नियम अनुसार

## आवश्यक न्यूनतम योग्यताः

१. **निर्देशक, प्रशासनिक तथा प्राविधिकः** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण।

२. **निर्देशक, प्राध्यापन तथा अनुसन्धानः** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर उत्तीर्ण गरी प्राध्यापन तथा अनुसन्धानको क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव भएको।

३. **शाखा अधिकृत, प्रशासनिक तथा प्राविधिकः** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण।

४. **लेखा अधिकृत, प्रशासनिक तथा प्राविधिकः** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण।

५. **बजारीकरण तथा साझेदारी प्रवर्धन अधिकृत, प्राध्यापन तथा अनुसन्धानः** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर उत्तीर्ण गरी प्राध्यापन तथा अनुसन्धानको क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव भएको।

६. **ज्ञान व्यवस्थापन अधिकृत, प्राध्यापन तथा अनुसन्धानः** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर उत्तीर्ण गरी प्राध्यापन तथा अनुसन्धानको क्षेत्रमा कम्तिमा तीन वर्षको अनुभव भएको।

७. **प्रशिक्षण तथा अनुसन्धान अधिकृत, प्राध्यापन तथा अनुसन्धानः** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रथम श्रेणी वा सो सरहमा स्नातकोत्तर उत्तीर्ण गरी प्राध्यापन तथा अनुसन्धानको क्षेत्रमा कम्तिमा तीन वर्षको अनुभव भएको।

८. **सूचना प्रविधि सहायक, प्राध्यापन तथा अनुसन्धानः** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रथम श्रेणी वा सो सरहमा स्नातक तह उत्तीर्ण।

## प्राध्यापन तथा अनुसन्धान सेवाको नवौं/सातौं तहको पदमा खुला तथा समावेशीतर्फ दरखास्त दिन चाहने उम्मेदवारको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही **प्राध्यापन तथा अनुसन्धानको क्षेत्रमा** काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

(१) निजामती, प्रदेश निजामती तथा अन्य सरकारी निकाय,

(२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(४) ऐनद्वारा स्थापित संस्था वा निकाय,

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टीकृत निकाय,
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरू,
(७) विश्वविद्यालयको आङ्गिक क्याम्पस,
(८) सामुदायिक विद्यालय वा क्याम्पस।

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको **प्राध्यापन तथा अनुसन्धानको क्षेत्रमा हासिल गरेको** अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ। यसका लागि विनियामवलीको प्रथम पाना, सेवा गरेको पदनाम उल्लेख रहेको पाना तथा सो पदको नियुक्ति प्रक्रिया खुलेको पाना अपलोड गर्नु पर्नेछ।

(ग) सरकारी कर्मचारीले अन्य निकाय वा संगठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई नवौं तहमा मान्यता दिइने छैन।

(ज) न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नवौ तहको आवेदकले नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको हो भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्नेछ।

## खुला तथा समावेशी परीक्षाको लागि आवेदन दिँदा ध्यान दिनुपर्ने विषयहरू

(क) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(ख) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(ग) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(घ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

**<u>द्रष्टव्य</u>**

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

(ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

(घ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने अपाङ्गता भएका उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(छ) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरू गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (कर्मचारी सेवा सर्त सम्बन्धी) विनियमावली, २०८० बमोजिम हुनेछ।

(ज) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४५७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश